# स्थानीय राजपत्र

इन्द्रसरोवर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ५ संख्या ९ मिति २०७८-०६-२७ गते


## भाग २

### स्थानीय बाल अधिकार समिति गठन कार्यविधि, २०७८

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०७८/६/२२**

**प्रस्तावनाः**

इन्द्रसरोवर गाउँपालिकामा रहेका बालबालिकाको हकहित तथा अधिकारको संरक्षण र संम्वर्द्धनका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को अधिकारको प्रयोग गर्दै बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (२) बमोजिमको स्थानीय बाल अधिकार समिति गठन गरी कार्यसञ्चालन गर्न वान्छनिय देखिएकोले **स्थानीय बाल अधिकार समिति गठन कार्यविधि, २०७८** जारी गरेको छ ।

**परिच्छेद - १**

**प्रारम्भिकः**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम “बालअधिकार समिति गठन कार्यविधि, २०७८” रहेको छ ।

(२) यो कार्यविधि इन्द्रसरोवर गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपछि इन्द्रसरोवर गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

क) “बालबालिका” भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्छ ।

ख) “ऐन” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

ग) “कार्यपालिका” भन्नाले इन्द्रसरोवर गाउँकार्यपालिका सम्झनु पर्छ ।

घ) “अध्यक्ष” भन्नाले इन्द्रसरोवर गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ङ) “उपाध्यक्ष” भन्नाले इन्द्रसरोवर गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

च) “कार्यपालिका सदस्य” भन्नाले इन्द्रसरोवर गाउँकार्यपालिका सदस्य सम्झनु पर्छ ।

छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले इन्द्रसरोवर गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ज) “शाखा” भन्नाले इन्द्रसरोवर गाउँपालिकाको महिला तथा बालबालिका शाखा सम्झनु पर्छ ।

झ) “समिति” भन्नाले यस कार्यविधि अनुसार गठन भएको बाल अधिकार समिति सम्झनु पर्छ ।

ञ) “बाल अधिकार” भन्नाले राष्ट्रिय र अन्तराष्ट्रिय ऐन कानूनले तोकेको बालबालिकाको अधिकार सम्झनु पर्छ ।

ट) “वडा अध्यक्ष” भन्नाले इन्द्रसरोवर गाउँपालिकाका वडा अध्यक्ष सम्झनु पर्दछ।

ठ) “वडा सदस्य” भन्नाले इन्द्रसरोवर गाउँपालिका अन्तरगतका वडा समितिका वडा सदस्यहरु सम्झनु पर्दछ ।

ड) “सामाजिक संस्था” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको गैर नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था समेत जनाउँछ ।

ढ) “निजी संस्था” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको नाफामूलक संस्था सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य कम्पनी समेत जनाउँछ ।

## परिच्छेद - २

## स्थानीय बालअधिकार समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**३. स्थानीय बाल अधिकार समितिः**

१) यस गाउँपालिकामा बाल अधिकार सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न गाउँपालिकाको उपाध्यक्ष वा निजले तोकेको गाउँकार्यपालिका सदस्यको अध्यक्षतामा स्थानीय बाल अधिकार समिति रहनेछ ।

२) समितिको गठन देहाय बमोजिम हुनेछः-

क) गाउँपालिकाको उपाध्यक्षले तोकेको गाउँकार्यपालिका सदस्य - अध्यक्ष

ख) इन्द्रसरोवर गाउँपालिकाको सामाजिक विकास समिति संयोजक - सदस्य

ग) इन्द्रसरोवर गाउँकार्यपालिका सदस्य मध्ये गाउँकार्यपालिकाले तोकेका दलित र महिला सदस्य समेत ३ जना - सदस्य

घ) गाउँ शिक्षा शाखा प्रमुख तथा प्रतिनिधि - सदस्य

ङ) गाउँ स्तरीय बालक्लब सञ्जालका प्रतिनिधि १ बालिकासमेत २ जना-सदस्य

च) बालअधिकारकर्मी वा नागरिक समाजको प्रतिनिधि गाउँपालिका अध्यक्षले तोकि पठाएको १ जना - सदस्य

छ) प्रहरी चौकी प्रमुख वा प्रतिनिधि १ जना - सदस्य

ज) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य-सचिव

**४ समितिको बैठक सम्बन्धी व्यवस्थाः .**

कअध्यक्षले तोकेको मिति (, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

ख) समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ । सदस्य-सचिवले बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

ग) समितिका ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

घ) उपदफा (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले गाउँपालिका अध्यक्षसंग समन्वय गरी जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो

अवस्थामा संयोजक र कम्तीमा १ जना सदस्य सहित सदस्य-सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

ङ) समितिको बैठक अध्यक्षको अध्यक्षतामा बस्नेछ ।

च) समितिको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

छ) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

ज) समितिको बैठक सम्बन्धी अन्य मापदण्ड समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

झ) समितिको निर्णय सचिवले प्रमाणित गरी राख्नेछ ।

**५. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) बाल अधिकार सूचक फारमको आधारमा इन्द्रसरोवर गाउँपालिका भित्रका बालबालिकाको तथ्याङ्क र सूचना संकलन गर्ने, अद्यावधिक गर्ने र आवश्यकता अनुसार वितरण गर्ने ।

ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने/ गराउने।

ग) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन अनुसन्धान गर्ने, गराउने ।

घ) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गरी अन्तरिम संरक्षण गर्ने/गराउने ।

ङ) बालअधिकारको संरक्षण र सम्वर्द्धनका निमित्त चेतना अभिवृद्धि गर्ने/ गराउने।

च) बालअधिकारका निमित्त विकासका साझेदार तथा जिल्लास्तरका अन्य निकायहरु बीच समन्वय गर्ने र बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने/गराउने।

छ) बाल अधिकार हनन भएका घटनाहरुका सम्बन्धमा जानकारी प्राप्त गर्ने र कानूनी कारबाहीमा आवश्यक सहयोग गर्ने/ गराउने।

ज) बालसंरक्षण गर्ने/गराउने ।

झ) इन्द्रसरोवर गाउँपालिका क्षेत्रमा बालबालिका केन्द्रित कार्यक्रमहरु सञ्चालन गर्ने संघ संस्थाहरुसंग समन्वय गर्ने र कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग गर्ने ।

ञ) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने, कार्यक्रमको संचालन गर्नको लागि आवश्यक परामर्श, सुझाव दिने ।

ट) संघीय र प्रदेश स्तरीय बाल अधिकार समितिसंग समन्वय गरी कार्यक्रम गर्ने, गराउने ।

ठ) बालअधिकार सम्बन्धि वार्षिक कार्ययोजना तयार पार्ने र गाउँ कार्यपालिका र गाउँ सभामा पेश गर्ने, गराउने ।

ड) कार्यक्रम कार्यान्वयनको प्रगति गाउँकार्यपालिका बैठक र गाउँ सभामा पेश गर्ने ।

## परिच्छेद - ३

## वडा बाल अधिकार समितिको गठन तथा काम, कर्तव्य र अधिकार

### ६. वडा बाल अधिकार समितिः

१) वडा भित्रको बाल अधिकार सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न प्रत्येक वडामा वडा बाल अधिकार समिति रहनेछ ।

२) समितिको गठन देहाय बमोजिम हुनेछः

क) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य - अध्यक्ष

ख) वडा समितिका सदस्यहरु मध्येबाट १ महिला सहित २ जना - सदस्य

ग) वडा अध्यक्षले तोकि पठाएका वडा बाल क्लबका प्रतिनिधि बालक र बालिका २ जना - सदस्य

घ) बाल अधिकारकर्मी वा नागरिक समाजको प्रतिनिधि वडा अध्यक्षले तोकी पठाएको १ जना - सदस्य

ङ) वडा सचिव - सदस्य सचिव

### ७. समितिको बैठक सम्बन्धी व्यवस्थाः

क) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

ख) समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ । सदस्य-सचिवले बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

ग) समितिका ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

घ) उपदफा (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १

जना सदस्य सहित सदस्य-सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

ङ) समितिको बैठक अध्यक्षको अध्यक्षतामा बस्नेछ ।

च) समितिको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

छ) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

ज) समितिको निर्णय सचिवले प्रमाणित गरी राख्नेछ ।

**८. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—**

क) बाल अधिकार सूचक फारमको आधारमा वडाभित्रका बालबालिकाको तथ्याङ्क र सूचना संकलन गर्ने, अद्यावधिक गर्ने ।

ख) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्ने सिफारिस गर्ने ।

ग) बालअधिकारको संरक्षण र सम्वर्द्धनका निमित्त चेतना अभिवृद्धि, जागरण सिर्जना गर्ने, गराउने ।

घ) बाल अधिकारका हनन भएका घटनाहरुका सम्बन्धमा प्राप्त जानकारी प्राप्त गर्ने र कानूनी कारबाहीमा आवश्यक सहयोग गर्ने ।

ङ) वडा स्तरमा सञ्चालन भएका कार्यक्रमहरु बीच समन्वय गर्ने र कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग गर्ने ।

च) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने कार्यक्रमको संचालन गर्नको लागि आवश्यक परार्मश, सुझाव दिने ।

छ) बालअधिकार सम्बन्धि वार्षिक कार्ययोजना तयार पार्ने र गाउँ कार्यपालिका पेश गर्ने ।

ज) कार्यक्रम कार्यान्वयनको प्रगति गाउँ कार्यपालिका बैठक पेश गर्ने ।

## परिच्छेद — ४

## विविध

९. यस अघि भए गरेका बाल अधिकार सम्बन्धी काम कारवाही यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

आज्ञाले

बलराम लम्साल

प्रमुख प्रशासकीय अधिकृत

इन्द्रसरोवर गाउँपालिका मकवानपुरको स्थानीय बाल अधिकार समिति गठन कार्यविधि, २०७८

मुल्य रु.५